# श्री लालीगुरांस सामुदायिक वन उपभोक्ता समूह

गौरीगंगा न.पा. ४, कैलाली

प.सं : २०८१।८२

च.नं.

मिति : २०८१/०४/२४

## काठ लिलाम बिक्रीको सूचना

( प्रथम पटक सूचना प्रकाशन मिति: २०८१/०४/२४)

यस सा.व.उ.स.को सामुदायिक वन व्यवस्थापन कार्ययोजनाको परिधि भित्र रही सामुदायिक वन क्षेत्रबाट आ.व. २०८०/०८१ मा नियमानुसार संकलन गरि यस समुह गौरीगंगा न.पा. ४, कैलालीमा घाटगद्दी भएको तपशिल बमोजिम लट र परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ । ईच्छुक फर्म वा कम्पनीले यो सूचना मिति २०८१/०४/२४ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (पन्ध्र) दिन भित्र रितपूर्वकको सिलबन्दी बोलपत्र खरीद गरी २२ औं दिनमा दर्ता गर्नु हुन सर्वसाधारणको जानकारीको लागी अनुरोध छ ।

तपशिलः वन पैदावारको विवरण :-

| वन पैदावारको विवरण | | | | | | संकलन खर्च (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| लट नं. | जत | ग्रेड | गोलिया थान | काठको परिमाण (घ.फि.) | न्यूनतम मूल्य (प्रती क्यु.फि) | | |
| १।२०८०/०८१ | साल | A | १ | १०।६६ | १००० | प्रति क्यु. फिट रु. १५० | |
| | | B | २४ | २६।७१ | ७०० | | |
| | | C | ८ | ५१।३४ | ५०० | | |
| १।२०८०/०८१ | अस्ना | A | ९ | १७६।१४ | ४०० | | |
| | | B | १७ | १८३।२ | ३०० | | |
| | | C | ६ | ४३।९३ | १०० | | |
| जम्मा | | | ६५ | ७३२।४ | | | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८१/०५/१२ (ख) समय: दिँउसो ४:०० बजे सम्म

३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मिति: २०८१/०५/१३ (ख) समय: दिँउसो १:०० बजे सम्म

४) बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस श्री लालीगुराँस सामुदायिक वन उपभोक्ता समूहको ............................................रहेको खाता नं. ...................... मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकको ६ महिनाको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५) बोलपत्र फाराम प्रति लटको रु. १,०००।- (पछि फिर्ता नहुने गरी) यस श्री लालीगुराँस सा.व.उ.स.को कार्यालय, गौरीगंगा न. पा. ४, बाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

६) लिलाम बढाबढ हुने वन पैदावार गौरीगंगा न.पा. ४ स्थित सा.व.उ.स.को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०५/१३ गते दिनका ३:०० बजे साँक्षीहरुको रोहबरमा खोलिने छ ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, मूल्य अभिबृद्धि कर, संकलन खर्च (कटान मुछान र ढुलान खर्च) छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११) बोलपत्र विक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुने छ ।

१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स. मा निहित रहनेछ ।

१३) सिलबन्दी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम, ठेगाना तथा लट नं. उल्लेख गर्नु पर्ने छ ।

१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

१५) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुने छ ।

ईति सम्वत् २०८१ साल श्रावण २४ गते रोज २ मा शुभम् ।